सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश डा.श्री कुमार चुडाल
संक्षिप्त आदेश
०८०-WH-००१५
मुद्दाः बन्दीप्रत्यक्षीकरण।

योगराज पौडेलको हकमा शृजना सिन्धु............................................१ निवेदक

विरुद्ध

गृह मन्त्रालय सिंहदरबार काठमाडौं समेत ..........................................१ विपक्षी

यसमा निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल र विद्वान अधिवक्ता श्री शान्ती देवी खनाल र विपक्षीहरुको तर्फबाट उपस्थित हुनु भएको विद्वान सहन्यायाधिवक्ता श्री गोविन्द खनालले गर्नु भएको वहस समेत सुनियो।

निवेदकले माग गरेबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा, मुकुन्द प्रसाद पन्तको जाहेरीले नेपाल सरकार भएको सरकारी छाप दस्तखत किर्ते र संगठित अपराध कसूरको अनुसन्धानको लागि यी निवेदक योगराज पन्त मिति २०८०/३/२६ मा पकाउ परी हालसम्म साधिकार निकाय काठमाडौं जिल्ला अदालतबाट म्याद थप लिई थुनामा राखी मुद्दाको अनुसन्धान कार्य गरेको देखिएको र हाल निजको अधिकारप्राप्त अधिकारीसमक्ष बयान भइसकेको देखिएको छ। यसरी अदालतको अनुमतिले अनुसन्धानका लागि थुनामा राखिएको कार्यलाई गैरकानूनी भन्न मिलेन। निजबाट भइसकेको बयान पश्चात् पनि निजलाई थुनामा राख्नु पर्ने औचित्यता तथा थुनामा नराखी अनुसन्धान गर्दा निजले अनुसन्धानमा प्रभाव पार्न सक्ने नसक्ने, प्रमाणहरु लोप गर्न सक्ने नसक्ने अवस्था आदिका सम्बन्धमा वस्तुनिष्ठ विश्लेषण गरी शुरु काठमाडौं जिल्ला

अदालतले थुनामा राख्ने थप म्यादको लागि माग भई आएको बखत उपयुक्त आदेश गर्ने नै हुँदा हाललाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन।

यद्यपी मिसिल संलग्न पत्रहरुबाट नेपाल गजेट (खण्ड १४ मार्ग १७, २०२१ अतिरिक्ताङ्क २३) को सूचना बमोजिम ललिता निवासको चार किल्लाभित्रको उल्लिखित जग्गामा गैरकानूनी रुपमा नक्कली मोहीसमेत खडा गरी गराई व्यक्तिका नाममा दर्ता दाखिल खारेज नामसारीसमेत गरे गराएको समेत भनी अख्तियार दुरुपयोग अनुसन्धानबाट विशेष अदालत काठमाडौंमा अभियोगपत्र दायर भई विचाराधीन अवस्थामा रहेको पाइन्छ। यसरी सो नेपाल सरकारको हक स्वामित्वको जग्गा व्यक्ति विशेषका नाममा दर्ता दाखिल खारेज नामसारी समेत गर्दा किर्ते गरे गराएको भन्ने सम्बन्धमा मिति २०७६/१०/२७ देखि नै अनुसन्धान प्रारम्भ भएको, रिट निवेदक टिकाराम घिमिरेसमेत भएको रिट नं. ०७९-WO-०००६ मा लिखत किर्ते सम्बन्धी कसूरको अनुसन्धानको प्रयोजनार्थ ती निवेदकहरुलाई थुनामा राख्ने समेतका कार्य नगर्नु भनी अन्तरिम आदेश जारी भएकोमा सो अन्तरिम आदेश दुवै पक्षबीच छलफल भई मिति २०८०/४/५ को यसै अदालतको आदेशले रद्द भई अनुसन्धान चालु रहेको अवस्था देखिन आयो।

मिसिल संलग्न कागज तथा झिकाई अध्ययन गरिएका अनुसन्धान सम्बन्धी मिसिल व्यहोराबाट प्रस्तुत अनुसन्धान सरकारी कागजात किर्तेका अतिरिक्त संगठित अपराध निवारण ऐन, २०७० बमोजिम पनि भएको देखिन्छ। संगठित अपराधमा नेपालभित्र वा नेपाल बाहिर रहे भएको संगठित वा असंगठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समूह संलग्न रही कसूर गरेको अवस्था हुन आउँछ। प्रस्तुत मुद्दामा भइरहेको अनुसन्धानको मुख्य विषय नै नेपाल राजपत्र (गजेट) मा मिति २०२१/८/१७ मा प्रकाशित सूचना बमोजिमको नेपाल सरकारको चार किल्ला भित्रको जग्गा विभिन्न व्यक्तिहरुले संगठित रुपमा किर्ते कागजात समेत खडा गरी व्यक्तिगत नाममा दर्ता गरेको भन्ने देखिन आयो। अनुसन्धान भइरहेको उक्त नेपाल राजपत्रको मिति २०२१/८/१७ को सूचना बमोजिमको जग्गा नेपाल सरकारको निकायका रुपमा रहेको केन्द्रीय सेवा विभाग समरजंग कम्पनीको कार्यालयका नाममा रहे भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६/१२/२९, मिति२०६७/१/३१, मिति२०६७/४/२८ र २०६९/६/१८ को निर्णयसमेतलाई आधार बनाई अधिकांश जग्गा व्यक्तिका नाममा दर्ता गरी गराई अन्य व्यक्तिको नाममा नामसारी

दर्ता दाखिल खारेज भएकोसमेत देखिन आउँछ। मिसिल संलग्न कागजातबाट उक्त जग्गा व्यक्तिका नाममा नामसारी दर्ता दाखिल खारेज मोही कायम समेतका कार्य गर्ने गराउनेमा बिभिन्न पदका पदाधिकारी, नेपाल सरकारका बिभिन्न मन्त्रालय, निकायका कर्मचारी एवम् व्यक्तिहरु संगठित रुपमा संलग्न भएको भनी अनुसन्धान भइरहेको देखिन आएको छ। मूलतः मिसिल संलग्न कागजात, यस अदालतमा पटक पटक सोही जग्गाको सम्बन्धमा परेको रिट निवेदनहरुसमेत हेर्दा उक्त संगठित अपराधको अनुसन्धान आधिकारिक रुपमा निर्णायक कानूनी हैसियत नभएका टिप्पणी उठाउने, कानूनी प्रकृया उठान गर्ने, त्रुटि सच्याउन कारवाही प्रकृया अवलम्बन गर्ने, जग्गाको नाप नक्सा गर्ने, साक्षी रोहवरमा बस्ने बसाउने, जग्गा खरिद बिक्री गर्ने गराउने जस्तो कार्यमा संलग्न तत्कालिन खरिदार, नायब सुब्बा, सर्वेक्षक, शाखा अधिकृत, जग्गा खरीदकर्ता आदितर्फ बढी अनुसन्धान केन्द्रित रहेको देखिन आउँछ। आरोपित विषयमा त्यस्ता व्यक्ति/कर्मचारीहरुको सकृय सम्बन्ध तथा सम्पर्क देखिन आएको स्थितिमा अनुसन्धान निजप्रति पनि केन्द्रित हुने नै हुन्छ।

निश्चय पनि हरेक निकाय वा कार्यालय वा संस्थाहरुले आफूलाई कानूनले प्रदान गरेको काम कर्तव्य अधिकारको कार्य सम्पादन तत् तत् रुपमा गर्ने र गरिरहेको मानिन्छ। प्रस्तुत संगठित वा असंगठित समूह बनाई नेपाल सरकारको जग्गा व्यक्ति विशेषका नाममा दर्ता नामसारी दाखिल खारेज भएको भन्ने विषय सम्बन्धमा सम्बद्ध निकायले स्वतन्त्र एवम् सक्षमताका साथ अनुसन्धान गरिरहेको सम्बन्धमा तत्कालै अविश्वास गर्नुपर्ने कारण देखिँदैन। सामान्यतया: अदालतले अनुसन्धान अधिकारीको क्षमता, कर्तव्यपरायणता, निष्पक्षता वा सकृयतामा प्रभाव पार्ने वा अनुसन्धानको खाका निर्देश गर्दैन र संयमित सीमाभित्र नै अदालत रहनु पर्दछ। तथापी कतिपय अपवादात्मक स्थितिमा आम सार्वजनिक चासोको विषयमा स्वच्छ, निष्पक्ष, विश्वासप्रद, समानतामा आधारित र परिणाममुखी न्याय वितरण हेतु सम्बन्धित निकायले गर्ने अनुसन्धानमा वाञ्छनीय मार्गदर्शन गर्न गराउन सक्ने अन्तरनिहित अधिकार अदालतलाई प्राप्त भएको र प्रयोग गरिएका अदालतका अभ्यासहरु अन्तर्राष्ट्रिय स्तरमा समेत रहे भएको देखिन्छ।

सुन्तली धामी (शाह) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत मुद्दामा (ने.का.प. २०६८, नि.नं. ८५४१) सर्वोच्च अदालतबाट सार्वजनिक हक सरोकारका विषयमा संवैधानिक व्याख्या अन्तरगत पूर्ण न्यायका निमित्त यस अदालतले कुनै निकाय वा

अधिकारीले गरेको निर्णयलाई **Judicial Review** गर्न सक्ने न्यायिक व्याख्यासमेत भएको पाइन्छ। नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम सर्वोच्च अदालतलाई सार्वजनिक हक वा सरोकारको विषयमासमेत पूर्ण न्याय प्रदान हेतु उपधारा (३) बमोजिम उपयुक्त आदेश जारी गर्ने अधिकार प्राप्त भएको पाइन्छ। सर्वोच्च अदालतलाई संविधानप्रदत्त अधिकार एवम् अन्तरनिहित अधिकारको सीमामा संयमित रही अदालत स्वयम् सकृय (*Suo Motu*) भई आम सार्वजनिक चासो र सरोकार जस्ता खास खास विषयमा आवश्यक आदेश निर्देश वा मार्ग दर्शन गर्न सक्ने र गर्दै आएको देखिन्छ। साथै नेपालको संविधानको विभिन्न धाराहरुमा वर्णित कानूनको दृष्टिमा सबैको समानता, समान संरक्षण, कानूनको निष्पक्ष र न्यायपूर्ण प्रयोगप्रति आम जनमानसमा आश्वस्त एवम् प्रत्याभूतीको जिम्मेवारीसमेत अदालतले निर्वाह गर्नुपर्ने हुन्छ।

प्रस्तुत मिति २०२१/८/१७ को नेपाल राजपत्रमा प्रकाशित ललिता निवासको चार किल्ला भित्रको नेपाल सरकारको जग्गा संगठित कसूर गरी व्यक्तिको नाममा दर्ता दाखिल खारेज नामसारी समेतको कार्यको सम्बन्धमा अनुसन्धान तहकिकात भइरहेको विषय अवश्यमेय आम सार्वजनिक चासो भएको सम्बन्धमा विवाद देखिँदैन। तसर्थ, निःसन्देह यस्ता विषयमा हुने अनुसन्धान अभियोजन न्याय सम्पादन समेतका कार्य भरपुर जनविश्वास प्राप्त गर्ने गरी स्वतन्त्र र सक्षमतासाथ पक्षपात रहित तवरबाट सम्पन्न हुनुपर्ने हुन्छ। अन्यथा अन्तत्वोगत्वा आम जनमानसमा न्याय प्रणाली माथिको भरोसा नै समाप्त भई सामाजिक जीवनका बहुआयामिक धरोहरहरु टुट्न जाने अवस्था रहन्छ। प्रस्तुत अनुसन्धानको सम्बन्धमा अनुसन्धानकर्ताबाट विभिन्न प्रतिवादीहरुलाई सोधिएको प्रश्नहरुमा " ललिता निवास क्याम्पभित्रको सरकारी जग्गा संरक्षण गर्ने दायित्व भएका पदाधिकारी कर्मचारीहरुबाटै झुठ्ठो र किर्ते समेतको फरक व्यहोराको प्रस्ताव पेश गरी बिचौलियाहरु समेतको मिलोमतोमा कानुनको दुरुपयोग गरी बदनियतपूर्वक राज्यलाई हानी हुने र व्यक्ति विशेषलाई फाइदा हुने गरि अपराधिक संगठन बनाई संगठित भई अपराध गर्नको लागि पिरामिड शैलीमा तह-तह जिम्मेवारीहरु बाँडफाँड गरी उक्त सरकारी जग्गा हिनामिना गरी दुरुपयोग गरेकोले" भन्ने प्रश्न सोधेको भएपनि त्यस्तो पिरामिड शैलीमा माथिल्लो तहमा रहने निर्णयकर्तातर्फ अनुसन्धान भएको मिसिल कागजातबाट देखिदैन।

यस्तो स्थितिमा यस अदालतमा पटक पटक परेको रिट निवेदनहरु एवम् मिसिल संलग्न कागजात हेर्दा माथि प्रकरणहरुमा उल्लेख गरिए झैं भइरहेको अनुसन्धान तहकिकातको कार्य अवस्था जो जसको निर्णय एवम् निर्णय प्रकृयाले नेपाल सरकारको जग्गा व्यक्तिका नाममा गएको छ त्यस्ता निर्णयाधिकारी, पदाधिकारी अनुसन्धानको दायरामा नभई अह्राएको काम गर्ने स्तरका कर्मचारी एवम् सम्पत्ति लगानी गरी जग्गा खरीद गर्नेहरु समेततर्फ अनुसन्धान बढी केन्द्रित भएको अवस्था देखिँदा समग्र न्याय प्रणालीप्रतिको आम विश्वासको जोखिमतालाई मध्यनजर गर्दै प्रस्तुत संगठित अपराधका विषयमा माथि प्रकरण प्रकरणमा उल्लेख भएबमोजिम मिति २०२१/८/१७ मा प्रकाशित नेपाल राजपत्रको सूचना बमोजिमको नेपाल सरकारको नामको ललिता निवासको जग्गा व्यक्ति विशेषका नाममा नामसारी दाखिल खारेज दर्ता वा मोही कायम हुने गरी मिति २०६६/१२/२९ र मिति २०६७/१/३१, मिति २०६७/४/२८ तथा मिति २०६९/६/१८ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिमको "पिरामिड" को माथिल्लो तह) बाटसमेत गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा नेपालको संविधानको धारा १३३ को उपधारा (३) बमोजिम यो आदेश जारी गरिदिएको छ। आदेशको जानकारी यथाशिघ्र विपक्षीहरुलाई दिनू। प्रस्तुत आदेश पूर्णपाठ तयार गर्न समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिदिएको छ।

न्यायाधीश

न्यायाधीश

सम्वत् २०८० साल साउन २१ गते रोज १ शुभम् ..................................।